# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-२ सङ्ख्या-८ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०७५/०३/२५

## भाग-१

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## आर्थिक ऐन, २०७५

**प्रस्तावना :-**

सुनकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा

सुनकोशी गाउँपालिका ओखलढुङ्गा

शूल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनकोशी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत गरी यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सुनकोशी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र **अनुसूची** बमोजिमको दरमा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. **घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची** बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

४. **घर जग्गा रजिष्ट्रेशन शुल्क :-** कोशी प्रदेश कानून बमोजिम हुनेछ र गाउँपालिकाले असुलउपर गरिनेछ ।

५. **सवारी साधन (सानो सवारी) कर:** गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधन कर कोशी प्रदेश कानून बमोजिम हुनेछ



सुनकोशी गाउँपालिका ओखलढुङ्गा

र अटो रिक्सा, ईलेक्ट्रिक रिक्सा, पठाओ जस्ता साना सवारी साधनको कर गाउँपालिकाले निर्धारण गरेको दरमा सङ्कलन गरिनेछ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा **अनुसूची** बमोजिमको दरमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

७. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा **अनुसूची** बमोजिम वार्षिक व्यवसाय कर एकमुष्ट रुपमा लगाइने र असुल उपर गरिनेछ।

८. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र **अनुसूची** बमोजिम जग्गा वर्गीकरणको आधारमा भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ

९. **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रमा चलचित्र घर, सांस्कृतिक प्रदर्शन, हल, कन्सर्ट, दोहोरी साँझ, नाईट घर, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, डान्स बार, क्यासिनो, फूटसल, नाईट क्लब जस्ता मनोरञ्जन स्थलमा कोशी

प्रदेशले तोकेको दरमा कानून अनुसार हुनेछ। यसरी सङ्कलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ।

१०. <u>**सेवा शुल्क दस्तुरः**</u> गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुबाट उपलब्ध गराइने सेवामा **अनुसूची** अनुसार सेवा शुल्क दस्तुर लगाइनेछ।

११. <u>**वन पैदावार, जडिबुटी, कवाडी र जीवजन्तु कर**</u> : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत **अनुसूची** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

१२. <u>**पर्यटन शुल्क**</u> : गाउँपालिका क्षेत्रभित्र उद्यान, पार्क, ऐतिहसिक तथा पुरातात्विक सम्पदा र सङ्ग्राहलय जस्ता सम्पदाहरुको उपयोगको प्रवेश शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम दररेटमा सङ्कलन गरिनेछ।

१३. <u>**पार्किङ शुल्क**</u> : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची** बमोजिम पार्किङ शूल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **<u>नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर, बहत्तर) शूल्क</u>** : गाउँपालिका क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तर कर सङ्कलन लागि सुनकोशी गाउँपालिकाले निर्णय गरी कोशी प्रदेशले तोकेको दरमा शुल्क लगाईनेछ। यसरी सङ्कलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ।

१५. **<u>खानीजन्य पदार्थ स्लेट ढुङ्गा, चुन, ढुङ्गा, खरिढुङ्गा, को शुल्क</u>** : गाउँपालिका क्षेत्रभित्र खानीजन्य पदार्थ (स्लेट, ढुङ्गा, चुनढुङ्गा) को IEE प्रतिवेदन तयार गरिनेछ र प्रतिवेदनमा निस्किएको परिमाणलाई आधार मानी ठेक्का आव्हान गरी गाउँपालिकाले तोकेको शुल्क लगाईनेछ।

१६. **<u>बहाल बिटौरी कर शुल्क</u>** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत **अनुसूची** बमोजिम बहाल विटौरी शुल्क लगाईने र असुल गरिनेछ।

१७. **<u>कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि</u>** : यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी आवश्यक कार्यविधि सुनकोशी गाउँपालिकाले तोके अनुसार

हुनेछ। साथै प्रदेश कानुन बमोजिम सङ्कलन गर्नुपर्ने करका दर सोही कानुन बमोजिम सङ्कलन गरिनेछ

१८. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर तथा शुल्क छुट दिईने छैन।

१९. **दण्ड जरिवाना** : गाउँपालिकामा कर शुल्क दस्तुर बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संस्था वा निकायले यस ऐन बमोजिम तोकिएको कर शुल्क र दस्तुर नबुझाएमा वार्षिक दश प्रतिशतका दरले र व्यवसाय दर्ता, नवीकरण तथा सूचीकरण निर्देशिकाले तोके बमोजिम जरिवाना लगाई कर सङ्कलन गरिनेछ।

१. **अन्य** : यस ऐनमा उल्लेख नभएका तर कर सङ्कलनमा छुट भएका विषयहरुमा प्रदेश सरकार र सङ्घीय सरकारले तोकिए बमोजिम वा अनुसूची बमोजिम हुनेछ।

सुनकोशी गाउँपालिका आवरहुला

**अनुसूची ५करमा हुने जरिवानाआर्थिक ऐन २०७४ को दफा १५ सँग सम्बन्धित सोही ऐनको अनुसुची १४ बमोजिम**

क. यस गाउँपालकिाले यो ऐन बमोजिम लगाइएका बार्षिक एकमुष्ठ तिर्ने कर तथा शुल्क २०७६ असार मसान्तभित्र नबुझाएमा निम्नानुसार जरिवाना गरिने छ।

| समय अवधि | कर रकममा थप हुने जरिवाना प्रतिशत |
|---|---|
| २०७६ साउन १ देखि २०७६ असोज मसान्त सम्म | १०% |
| २०७६ असोज १ देखि २०७६ पुष मसान्त सम्म | २५% |
| २०७७ माघ १ देखि २०७७ चैत्र मसान्त सम्म | ५०% |
| २०७७ बैशाख १ देखि २०७७ असार मसान्त सम्म | ७५% |
| २०७७ साउन १ देखि | १००% |
| त्यसपछि प्रत्येक बर्षको थप | १००% |

Scanned with CamScanner

सुनकोशी गाउँपालिका, ...

२) नक्शा पास गर्दा आर.सी.सी. ढलान घर प्रतिवर्गफिट ३ तल्ला सम्म पीच भएको क्षेत्रमा रु. ३/- पीच नभएको क्षेत्रमा रु. २/- ४ चार तल्ला देखि ५ तल्ला सम्म पीच भएको क्षेत्रमा रु. ५/- पीच नभएको क्षेत्रमा रु. ३/- र सो भन्दा माथि पीच भएको क्षेत्रमा रु. ६/-, पीच नभएको क्षेत्रमा रु. ४/- प्रतिवर्गफिटका दरले । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

२) आर.सी.सी. बाहेक पक्की घर प्रतिवर्ग फिट रु पीच भएको क्षेत्रमा रु. २/- पीच नभएको क्षेत्रमा रु. रु. १/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

३) फुसको (टिन) छाना भएको घर प्रतिवर्ग फिट पीच भएको क्षेत्रमा रु. १/- पीच नभएको क्षेत्रमा रु. ०.५०/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

ख) ग्रामिण क्षेत्रमा (तीन तल्ला सम्मका लागि मात्र)

१) आर.सी.सी ढलान घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु. १/५० सडक बाटो नभएको क्षेत्रमा ०.७५/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा ५० % थप दस्तुर लाग्ने छ ।

२) आर.सी.सी. बाहेकका पक्की घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु ०.५०/- सडक बाटो नभएको क्षेत्रमा रु ०.२५/- नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

४) ग्रामिण क्षेत्रमा ३ तल्ला भन्दा माथि निर्माण भए बजार क्षेत्र बरावर हुनेछ ।

ग) गाउँपालिका गठन हुनु अगाडि निर्माण भएका घरहरुका घरधनीले घर दर्ता गरी निर्माण सम्पन्न गरेको प्रमाण कागजात खोजेमा हाल कायम रहेको नक्सापास दस्तुरको ७५ प्रतिशत दस्तुर लिई प्रमाण कागजात उपलब्ध गराईने छ । गाउँपालिका गठन हुनु अगाडि गाविसको कार्यालयबाट नक्शा पास भएका घरहरु गाउँपालिकाले पास गरे सरह हुनेछ ।

घ) नक्शा पास/निर्माण सम्पन्न भएका घरहरुको नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु. १,०००/- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

ङ) नक्शापास प्रमाण-पत्र र घर निर्माण सम्पन्न प्रमाण-पत्रको प्रतिलिपी दस्तुर रु. ५००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ । Planth level भन्दा माथि Super structure को नक्शा पास गरी निर्माण सम्पन्न प्रमाण-पत्र तोकिएको समयमा नलिएमा विलम्ब दस्तुर रु ३,०००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढि हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ ।

च) घर निर्माणको लागि नक्सा पास गरे बमोजिम भन्दा फरक संरचना बनाएमा १०० प्रतिशत जरीवाना लिइने छ ।

छ) घर निर्माणको लागि नक्सा पास गरे पनि २ वर्ष सम्म विविध कारणले घर निर्माण नगरेमा नक्सा पास शुल्क फिर्ता हुने छैन र सो अवधि पछि पुनः अनुमति तथा नक्सा पास लिनु पर्नेछ ।

२०. विविध

१. अन्य सेवा शुल्कको दर :

| क.सं. | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सभाहल भाडा | दिन | १५०० | |
| २ | पानी -कारखानाबाट उत्पादित) | लिटर | ०.१० | |

२. बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दर

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा | घन मिटर | १४५ | मु.अ.क.बाहेक |

३. खानी जन्य पदार्थ निकासी करको दर :

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खरिढुङ्गा | मेट्रिक टन | ६०.०० | |
| २ | म्याग्नेसाइट ढुङ्गा | मेट्रिक टन | ५०.०० | |
| ३ | भुइमा विछ्याउने चप्लेटी ढुङ्गा | वर्ग फिट | २.०० | |
| ४ | छाना छाउने स्लेट ढुङ्गा | वर्ग फिट | २.०० | |
| ५ | बालुवा,गिटी,रोडा,ढुङ्गा,ग्राभेल तथा लोहोरे ढुङ्गा | घन मिटर | १४५.०० | |

२१. पर्यटन शुल्क

| विवरण | रकम प्रतिव्यक्ति प्रतिदिन | |
|---|---|---|
| नेपाली पर्यटक | निःशुल्क | |
| भारतीय वा सार्क मुलूक | १००रु | |
| चिनियाँ पर्यटक | १५०रु | |
| अन्य मुलुक | ५००रु | |

CS Scanned with CamScanner

## अनुसूची ६ करका दरहरु- आर्थिक ऐन २०७५अनुसार

घरधुरी कर :

| क.सं | घरको प्रकार | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | कच्ची घर | ५० | |
| २. | पक्की १ तला सम्म | १०० | |
| ३. | पक्की ३ तला सम्म | १५० | |
| ४. | पक्की ४ तला वा सो भन्दा बढी | २०० | |

मालपोत (जग्गा तिरो) कर:

| क.सं. | जग्गाको प्रकार | एकाइ | खेत | पखो |
|---|---|---|---|---|
| १. | अब्बल | प्रति रोपनी | रु. १५ | रु. १० |
| २. | दोयम | प्रति रोपनी | रु. १४ | रु. ९ |
| ३. | सीम | प्रति रोपनी | रु. १३ | रु. ८ |
| ४. | चाहार | प्रति रोपनी | रु. १२ | रु. ७ |

कुनै व्यक्तिले आफ्नो खेतीयोग्य जमिन बाझो राखेमा प्रति रोपनी रु.२००।- जरिवाना लिइने छ।

घर बहाल कर:

क) गाउँपालिका क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा [illegible] रकमको ५ प्रतिशत बहाल कर लाग्ने छ।

व्यवसाय कर :

| क.सं | व्यवसायको नाम | दर |
|---|---|---|
| १ | मदिरा (रक्सी जन्य) तथा सूर्तीजन्य व्यवसाय | |
| | क) थोक बिक्रेता | ५००० |
| | ख) खुद्रा बिक्रेता | ३००० |
| २. | इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स | |
| | क) थोक बिक्रेता | ५००० |
| | ख) खुद्रा बिक्रेता | २००० |
| ३. | कपडा पसल | |
| | क) सुती कपडा पसल (थोक बिक्रेता) | ५००० |
| | ख) सुती कपडा पसल (खुद्रा बिक्रेता) | १००० |
| | ग) फेन्सी कपडा (रेडिमेड) | १००० |
| ४. | गहना (ज्वेलरी) पसल | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्री गर्ने | ७००० |
| | क) स-साना गहना निर्माण तथा बिक्री गर्ने | ३००० |
| ५. | हार्डवेयर एण्ड सप्लायर्स | |
| | क) थोक बिक्रेता | १०००० |
| | ख) खुद्रा बिक्रेता | ५००० |
| ६. | कम्प्युटर, टेलिभिजन, फोटोकपी ,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो | |
| | क) थोक बिक्रेता | ४००० |
| | ख) खुद्रा बिक्रेता | २००० |
| ७. | पेट्रोल/ डिजेल पम्प तथा ग्याँस | |
| | क) पेट्रोल र डिजेल पम्प | १०००० |
| | ख) ग्यास तथा मट्टितेल बिक्री गर्ने | ५००० |
| ८. | दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफुल समेत) | |
| | क) थोक बिक्रेता | १००० |
| | ख) खुद्रा बिक्रेता | ५०० |
| ९. | पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट | |
| | अ) ५० लाख भन्दा माथि पुँजी भएका | १५००० |
| | आ) २५ देखि ५० लाख सम्म पुँजी भएका | ८००० |
| | इ) १० देखि २५ लाख सम्म पुँजी भएका | ७००० |
| | ई) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ३००० |

CS Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | उ) १ देखि ५ लाख सम्म पुँजी भएका | २००० | |
| | उ) १ लाख सम्म पुँजी भएका | १००० | |
| १०. | कार्पेट | | |
| | क) थोक बिक्रेता | ४००० | |
| | ख) खुद्रा बिक्रेता | २००० | |
| ११. | सेवा तथा उद्योग | | |
| | क) छापाखाना (ठुला) | ५००० | |
| | ख) छापाखाना (मझौला तथा साना दशलाख भन्दा कम पूँजी भएका) | ३००० | |
| | ग) परामर्श सेवा | २५०० | |
| | घ) चलचित्र व्यवसाय | ३००० | |
| | ङ) सार्वजनिक परिवहन | ५००० | |
| | च) फोटोग्राफी | ३००० | |
| | छ) प्रयोगशाला | ३००० | |
| | ज) हवाइ सेवा | ५००० | |
| | झ) शीत भण्डार | २००० | |
| १२. | निर्माण तथा औद्योगिक सेवा | | |
| | क) सडक, पुल, रोपवे, रेलवे, टलिवस, टनेल, फ्लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | १०००० | |
| १३. | विशेष परामर्श तथा अन्य व्यवसायीक सेवा | | |
| | क) चिकित्सक | ५००० | |
| | ख) कविराज | १००० | |
| | ग) इन्जिनियर | ५००० | |
| | घ) कानुन व्यवसायी | ५००० | |
| | ङ) लेखा परिक्षक | २००० | |
| | च) दन्त चिकित्सक | ३००० | |
| | छ) अनुसन्धानकर्ता तथा परामर्श दाता | २५०० | |
| | ज) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | २५०० | |
| | झ) बीमा एजेन्ट | २००० | |
| | ञ) सर्भेयर | २५०० | |
| | ट) अनुवादक | २००० | |
| | ठ) पशु चिकित्सक | ३००० | |
| | ड) शेयर दलाल | २००० | |
| | ढ) सामान ढुवानी कर्ता तथा कम्पनी | २००० | |
| | ण) संस्थागत पेन्टर | २००० | |
| १४. | सवारी साधन बिक्री केन्द्र | | |
| | क) सवारी साधन विक्रेता | १०००० | |
| १५. | उत्पादन मूलक उद्योग | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | ५००० | |
| १६. | कृषि तथा वन्यजन्य उद्योग | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | ५००० | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | २००० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | २००० | |
| १७. | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | | |
| | क श्रेणीको | १०००० | |
| | ख श्रेणीको | ६००० | |
| | ग श्रेणीको | ४५०० | |
| | घश्रेणीको | ४००० | |
| १८. | खनिज उद्योग | | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १०००० | |
| १९. | कृषि तथा वन्यजन्य उद्योग | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | १०००० | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | ५००० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | ३००० | |
| २०. | उर्जा मूलक उद्योग | | |

CS Scanned with CamScanner

| | | |
|---|---|---|
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५००० |
| २१. | स्वास्थ्य सेवा | |
| | क) गैर सरकारी अस्पताल | १०००० |
| | ख) नर्सिङ होम | १०००० |
| | ग) क्लिनिक तथा ल्याब | ५००० |
| २२. | सञ्चार सेवा | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १५०० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फयाक्स, फोटोकपी, मोवाइल फोन, STD, ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | २००० |
| | ग) कुरियर सेवा | १५०० |
| २३. | शिक्षा सेवा | |
| | क) निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय | १०००० |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | ३००० |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३००० |
| | घ) अन्तराष्ट्रिय गैरसरकारी संस्था | १०००० |
| २४. | मर्मत सम्भार | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल आदि मर्मत कारखाना | ५००० |
| | ख) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | १००० |
| २५. | वित्तिय सेवा | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | १५००० |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १०००० |
| | ग) वित्तीय कम्पनीको शाखा कार्यालय | ३००० |
| | घ) वीमा कम्पनी | १०००० |
| | ङ) विदेशी मुद्रा सटही | १५०० |
| | च) धितोपत्र कारोवार | ३००० |
| | छ) सहकारी बैंक | २००० |
| २६. | अन्य व्यवसाय | |
| | क) पार्क पिकनिक स्पट | १००० |
| | ख) क्यासिनो | ५०००० |
| | ग) टुर अपरेटर | २००० |
| | घ) मसाज पार्लर | ५००० |
| २७. | अन्य सेवा | |
| | क) विज्ञापन सेवा | १५०० |
| | ख) बैदेशिक रोजगार सेवा | २५००० |
| | ग) स्वदेशी रोजगार सेवा | १५०० |
| | घ) सेक्रेटरियल सेवा | १५०० |
| | ङ) हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री | १५००० |
| | च) ब्यूटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | १००० |
| | छ) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १००० |
| | ज) पशु वधशाला | २००० |
| | झ) मासु बिक्रेता | ७०० |
| | ञ) फुल र विरुवा बिक्रेता | ५०० |
| | ट) पुल हाउस | १००० |
| | ठ) खोटो व्यवसायी | ५००० |
| | ड) सिसा प्लाइउड बिक्रेता | ३००० |
| | ढ) भाँडाकुँडा बिक्रेता | १००० |
| | ण) स्टिल, काठ, फर्निचर बिक्रेता | २००० |
| | त) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५०० |
| | थ) केबुल नेटवर्किङ (ग्राहक संख्याको आधारमा): | |
| | तीनसय सम्म ग्राहक संख्या भएमा | १५००० |
| | तीन सय भन्दा बढी ग्राहक भएमा | २०००० |

क) माथी उल्लेख नभएको व्यवसायहरुको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाको बैठकबाट निर्ण गरी कर निर्धारण गरिने छ ।

CS Scanned with CamScanner

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा बढी शुल्क भएको व्यवसायको पुरै तथा थप अर्को प्रत्येक व्यवसायको करको ५० % ले हुने रकम थप व्यवसाय कर तिर्नु पर्नेछ।

५. जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धि कर :

क) जडिबुटी, नेपाली कागज, काठ, दाउरा, बाँस र अन्य बस्तुको निकासी करको दर :

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | केजी | १.५० | |
| २ | ओखरफलको बोक्रा | केजी | १.५० | |
| ३ | ओखर काण्ड बोक्रा | केजी | १०.०० | |
| ४ | चिराइतो | केजी | २.५० | |
| ५ | चुत्रोको बोक्रा | केजी | १.२५ | |
| ६ | कुरिलाको जरा | केजी | १.५० | |
| ७ | सुगन्धवाल | केजी | ४.०० | |
| ८ | अल्लो | केजी | २.०० | |
| ९ | झयाउ | केजी | ७.०० | |
| १० | अर्गेली | केजी | ३.२५ | |
| ११ | पाखनवेत | केजी | २.०० | |
| १२ | लोक्ता | केजी | ६.०० | |
| १३ | ठिग्रें सल्लाको सिम्टा | केजी | २१.०० | |
| १४ | धसिंगरेतेल | केजी | २०.०० | |
| १५ | अम्रिसो | केजी | १.०० | |
| १६ | जटामसी | केजी | ३.०० | |
| १७ | तेजपात | केजी | ०.२० | |
| १८ | गोब्रे सल्लाको सिम्टा | केजी | ०.३० | |
| १९ | खोल्मे | केजी | ०.३० | |
| २० | नागबेली पाउडर | केजी | १५.५० | |
| २१ | खोटो | केजी | ३.०० | |
| २२ | गोब्रे सल्लाको पातको तेल | केजी | ३०.०० | |
| २३ | भिरमह | केजी | ५.०० | |
| २४ | सतुवा | केजी | ११.०० | |
| २५ | धुपीपात | केजी | १.०० | |
| २६ | नागबेली | केजी | ०.५० | |
| २७ | काउलोको बोक्रा | केजी | ३.०० | |
| २८ | सुगन्धित तेल | केजी | ५०.०० | |
| २९ | साधारण च्याउ | केजी | २.०० | |
| ३० | इन्द्रेयिनी | केजी | २.०० | |
| ३१ | नेपाली कागज | कोरी | ७.०० | |
| ३२ | सल्लो/उत्तिस र अन्य बरामदी काठ ( गोलिया) | क्यु.फि | ३.०० | |
| ३३ | सल्लो/उत्तिस र अन्य बरामदी काठ (चिरान) | क्यु.फि | ३.५० | |
| ३४ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | १०००.०० | |
| ३५ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | १२००.०० | |

CS Scanned with CamScanner

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| ३६ | भेनियर पत्ता (ट्रक) | ट्रिप | १५००.०० | |
| ३७ | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १७००.०० | |
| ३८ | भेनियर पत्ता (ट्रक) | ट्रिप | २००.०० | |
| ३९ | तयारी प्लाइउड (ट्याक्टर) | ट्रिप | ३०००.०० | |
| ४० | तयारी प्लाइउड (मिनी ट्रक) | ट्रिप | १५०.०० | |
| ४१ | तयारी प्लाइउड (ट्रक) | ट्रिप | २२५.०० | |
| ४२ | तयारी प्लाइउड (भ्यान ट्रक) | ट्रिप | ३००.०० | |
| ४३ | दाउरा (ट्याक्टर) | ट्रिप | २५.०० | |
| ४४ | दाउरा (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४५ | दाउरा (ट्रक) | ट्रिप | १००.०० | |
| ४६ | दाउरा (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४७ | काठको भुस (ट्याक्टर) | ट्रिप | ६०.० | |
| ४८ | काठको भुस (मिनी ट्रक) | ट्रिप | १०० | |
| ४९ | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १०० | |
| ५० | बाँस | गोटा | ०.२५ | |
| ५१ | बन लसुन | केजी | १.०० | |
| ५२ | हाडे लसुन | केजी | ०.२५ | |
| ५३ | कुरीलो | केजी | १.२५ | |
| ५४ | कोइला | केजी | ५.०० | |
| ५५ | बुकीफुल | केजी | २.०० | |
| ५६ | बुकीफुलको तेल | केजी | १५००.०० | |
| ५७ | अविजालो | केजी | ५.०० | |
| ५८ | निगालो | गोटा | ०.१० | |
| ५९ | अलैची | केजी | २.०० | |
| ६० | यार्सागुम्बा | केजी | १५००.०० | |
| ६१ | लोठ सल्लाको पात | केजी | ५.०० | |
| ६२ | सुठो | केजी | १.०० | |
| ६३ | लप्सी | केजी | १.०० | |
| ६४ | खयर | केजी | १.०० | |
| ६५ | सुनकोशी गाउँपालिका भित्र उत्पादन भै निकासी हुने माथि उल्लेखित बाहेक अन्य वस्तुहरुको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । | | | |

ख) प्रचलित कानुनले निषेध गरे बाहेकको मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड,छाला,सिंङ्ग र खुर निकासी करको दर :

| क.स. | विवरण | इकाई | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्वाँख | के.जी | १.५० | |
| २ | हाड | के.जी | १.५० | |
| ३ | सिङ्ग | के.जी | १.५० | |
| ४ | खुर | के.जी | १.५० | |
| ५ | छाला ठुलो | गोटा | १०.०० | |
| ६ | छाला सानो | गोटा | १०.०० | |

ग) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दर :

CS Scanned with CamScanner

| क.स. | विवरण | इकाई | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैसी जात (भैसी,राँगा आदि) | गोटा | १०० | |
| २ | गाई जात -गाई,गोरु आदि) | गोटा | ५० | |
| ३ | भेडा,बाखा,बंगुर जात(भेडा,बाखा,बंगुर आदि) | गोटा | २० | |
| ४ | कुखुरा/कुखुराको जात | ट्रिप | १०० | |
| ५ | अण्डा (सात केट बराबर एक बाकस) | बाकस | ५ | |
| ६ | गोलभेडा,काउली,आलु,(ठुलो ट्रक) | ट्रिप | ५०० | |
| ७ | गोलभेडा,काउली,आलु,(मिनी ट्रक/टयाक्टर) | ट्रिप | २०० | |
| ८ | बन्दा,साग(ठुलो ट्रक) | ट्रिप | २०० | |
| ९ | बन्दा,साग(मिनी ट्रक/टयाक्टर) | ट्रिप | १०० | |
| १० | लसुन,बेसार,अदुवा,(ठुलो ट्रक) | ट्रिप | ७०० | |
| ११ | लसुन,बेसार,अदुवा,(मिनी ट्रक/टयाक्टर) | ट्रिप | ३०० | |

६. सवारी कर :

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु सुनकोशी गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालन को अनुमति लिनु पर्नेछ । गाउँपालिकाबाट अनुमति लिएका सवारी साधनले निम्नानुसार वार्षिक शुल्क बुझाउनु पर्नेछ।

| क.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | बस, टक, लरी र अन्य हेभी गाडी | १००० | |
| २. | भाडाका ट्याक्टर कार जीप | १००० | |
| ३. | भाडाको टेम्पो | १०० | |
| ४. | भाडाको मिनिवस | ७०० | |
| ५. | नीजि कार, टेम्पो र मिनीवस | २०० | |
| ६. | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन | १०० | |
| ७. | ठेलागाडा तथा रिक्सा | २५ | |

गाउँपालिकामा दर्ता नभएका कुनैपनि सवारी साधनको दुर्घटना, बीमा वा अन्य किसिमको सिफारिश लिँदा माथि उल्लेखित सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिश प्रदान गरिनेछ ।

७) होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ :

क) आ.व. ०७५/७६ सम्म प्रतिवर्ग फिट रु १०/- र सो आ.व. भन्दा पछि प्रति वर्ग फिट रु. ५०/-

ख) मदिराजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रु. १००/-

ग) अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु. ५०/-

घ) सार्वजनिक स्थानमा ब्यानर टाँगेमा प्रति मिटर ७ दिन सम्म रु ७/- सो पछि प्रतिदिन थप रु. ५/-

ङ) १ मीटर र १ वर्ग फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १/- र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु. २/-

च) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनु पर्ने छ ।

मनोरञ्जन कर :

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ % का दरले मनोरञ्जन कर असुल गरिनेछ । चालु आ.व. भित्र असुल नभए अर्को वर्ष ५ % थप गरी असुल गरिनेछ ।

ख) जादु, सर्कस, चटक आदिमा अनुमति बिना प्रदर्शन गर्न नदिने । अनुमति दिँदा प्रतिदिनको रु. १००/- शुल्क लिइनेछ ।

९) गाउँपालिका क्षेत्रभित्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत प्रति वर्गफिट मासिक रु. ५/- बहाल बिटौरी कर असुल गरिने छ ।

१०. पार्किङ शुल्क :

क) मोटरसाईकलको लागि पहिलो २ घण्टाको लागि रु ५/- र सो भन्दा वढिको लागि रु १० /-

ख) हलुका सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु. १०/- र सो भन्दा वढिको लागि रु. २०/-

ग) ट्याक्टरको लागि पहिलो २ घण्टाको लागि रु. १५/- र सो भन्दा वढिको लागि रु. २५/-

घ) हेभि सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु २५/- र सो भन्दा वढिको लागि रु. ४०/-

११. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, पदयात्रा, घोडचढी आदि जस्ता व्यवसाय सञ्चालनमा तपशिल बमोजिम शुल्क लाग्नेछ ।

| ट्राभल्स, टुर्स एण्ड मनोरञ्जन | आ.व. २०७५/७६ को रु. | आ.व. २०७६/७७ को रु. |
|---|---|---|
| क) ट्राभल एजेन्सी, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, , आदि जस्ता व्यवसायमा | १०००० | ११००० |
| ख) फनपार्क, पदयात्रा, घोडचढी आदि | ७५०० | ८२५० |

Scanned with CamScanner

१२. अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क :

क) सम्पति मूल्याङ्कन तथा श्रोत प्रमाणित प्रतिहजार रु. ०.५०/-

१३. विभिन्न प्रकारका सिफारिस दस्तुर :

क) जग्गा दर्ता सिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत
अ. एकमुष्ट रु. १०००/-

ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत
अ. एकमुष्ट रु. ५००/-

ग) मोही दर्ता तथा मोही नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत रु.
अ. एकमुष्ट रु. ५००/-

१४. विभिन्न प्रकारका व्यवसाय, घरेलु उद्योग दर्ता तथा सिफारिस निवेदन दर्ता :

क) साना घरेलु उद्योग रु. १०००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
ख) मझौला उद्योग रु. १५००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
ग) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु. २०००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
घ) अन्य सेवा उद्योग तथा व्यवसाय सम्बन्धी सिफारिस रु. ११०००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
ङ ) डिलर लिने सिफारिस रु. ५०००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
च) माथी नखुलेका उद्योग व्यवसायका सिफारिसको हकमा गाउँपालिकाको निर्णयानुसार
छ) नागरिकता लिनका लागी सिफारिस रु. ५०/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
ज) नागरिकताको प्रतिलिपी लिन सिफारिस रु. १००/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
झ) अंगिकृत नागरिकता सिफारिस रु. १,०००/- (अनुसूची फाराम निवेदन दर्ता बाहेक)
ञ) धारा, बिजुली जडान सिफारिस रु. ५००/- (निवेदन फाराम र निवेदन दर्ता समेत)
ट) काठ कटान, निकासी गर्न सिफारिस रु. ३/- प्रति कि.बी.
ठ) प्रतिलिपी प्रमाणित दस्तुर रु. २०/- प्रति पाना
ड) चार किल्ला प्रमाणित १ कित्ता सम्म रु. २००/- र सो भन्दा माथि प्रति कित्ता थप रु १००/-
ढ) घरबाटो भए नभएको प्रमाणित गर्दा ग्रामिण क्षेत्रमा रु. ५००/-(निवेदन फाराम र निवेदन दर्ता समेत)
ण) घरबाटो भए नभएको प्रमाणित गर्दा (बजार क्षेत्र) रु. ७००/-(निवेदन फाराम र निवेदन दर्ता समेत)
त) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपी रु. ५०/-
थ) अन्य कागजातको प्रतिलिपी दस्तुर रु. ५०/- प्रति पाना
द) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा रु. ४०००/-
ध). सञ्चार टावर स्वीकृति सिफारिस रु. १०,००० /-
न) अस्थाई प्रकृतिको निर्माण स्वीकृति निवेदन फाराम (ग्रामिण क्षेत्रका लागि) रु.१००/- प्रतिगोटा
प) नाता प्रमाणित रु. १००/-(२ जना विचको नाता)
फ) नाता सम्बन्ध प्रमाणित रु. २००/- (२ जना बढीको नाता)
ब) अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस रु. २५०/-
भ) ३५ दिन नाघेपछि सबै प्रकारका व्यक्तिगत घटना दर्ता ( रु ५०
म) सबै प्रकारका व्यक्तिगत घटना दर्ताको प्रतिलिपी ( रु १००
म) निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धि सम्बन्धी सिफारिस गर्दा माध्यमिक विद्यालयको लागी रु. ५,०००/- र आधार तहको लागी रु. १,०००।-
य) सामुदायिक/सरकारी विद्यालयको तहवृद्धि सम्बन्धी सिफारिस रु.५००/-
र) गाउँपालिकाको स्वामित्व रहेका पिच सडक काटने स्वीकृत रु. ५,०००/-
ल) शिक्षक तथा कर्मचारी सरुवा सहमती सिफारिस दस्तुर (जिल्ला भित्र)

क खरिदार स्तर भन्दा तल्लो रु.२००/-
ख खरिदार स्तर रु.५००/-
ग नासु स्तर वा सो सरह रु.७००/-
घ अधिकृत स्तर वा सो सरह रु.१०००/-
ङ अधिकृत स्तर भन्दा माथिल्लो स्तर जुनसुकै रु. १५००/-

व.शिक्षक तथा कर्मचारी सरुवा सहमती सिफारिस दस्तुर (जिल्ला बाहिरा)

क खरिदार स्तर भन्दा तल्लो रु.५००/-
ख खरिदार स्तर वा सो सरह रु.१०००/-
ग नासु स्तर वा सो सरह रु.१५००/-
घ अधिकृत स्तर वा सो सरह रु.२०००/-
ङ अधिकृत स्तर भन्दा माथिल्लो स्तर जुनसुकै रु.३०००/-

१५. माथि उल्लेखित बाहेक सुनकोशी गाउँपालिकाको दर्ता, नविकरण तथा सिफारिस दस्तुरको दर :

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्था दर्ता सिफारिस दस्तुर | सिफारिस | २००० | |
| २ | रु.१ लाख भन्दा कम आर्थिक कारोबार गर्ने को लागि नविकरण | सिफारिस | ५०० | |

CS Scanned with CamScanner

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| | दस्तुर | | | |
| ३ | रु. १ लाख देखी रु.५ लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | ७०० | |
| ४ | रु.५ लाख देखी रु. १० लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १००० | |
| ५ | रु.१० लाख आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १५०० | |
| ६ | रु.१० लाख भन्दा माथी आर्थिक कारोबार प्रतिलाख थप नविकरण दस्तुर | सिफारिस | २५ | |
| ७ | प्रकोप व्यवस्थापन विशेष कोष दस्तुर : गैरसरकारी संस्थाहरुको कारोबार(प्राप्ती) अङ्कको ०.१ प्रतिशत वा न्युनतम रु.२०/-मध्ये जुन बढी हुन्छ सोही रकम बराबरको दस्तुर | | | |
| ८ | खानेपानी मुहान दर्ता दस्तुर | सिफारिस | १००० | |
| ९ | सिंचाई मुहान दर्ता दस्तुर | सिफारिस | १००० | |
| १० | खानेपानी र सिचाई उपभोक्ता समिति नविकरण | सिफारिस | ५०० | |
| ११ | व्यक्तिगत घटना दर्ता(पंजीकरण) त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस गर्ने दस्तुर | सिफारिस | १०० | |
| १२ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि सरकारी तथा गैरसरकारी निकायहरुमा सिफारिस वापत प्रति सिफारिस दस्तुर | सिफारिस | २०० | |
| १३ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दातृ निकायहरुमा सिफारिस दस्तुर | सिफारिस | १००० | |
| १४ | कुनै विज्ञ/पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | सिफारिस | १००० | |
| १५ | लघु जलविद्युत आयोजना(१ मेघावट भन्दा कम ) को सर्वेक्षण अनुमती/सिफारिस दस्तुर | सिफारिस | १००० | |
| १६ | लघु जलविद्युत आयोजना(१ मेघावट भन्दा कम ) को निर्माण अनुमती/सिफारिस दस्तुर | सिफारिस | १०००० | |
| १७ | जलविद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमती सिफारिस दस्तुर | सिफारिस | ५०० | |
| १८ | क श्रेणीको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान दस्तुर | सिफारिस | ५००० | |
| १९ | ख श्रेणीको निर्माण व्यवसायीको इजाजत पत्र नविकरण दस्तुर | सिफारिस | ४००० | |
| २० | ग वर्गको ठेक्का नामसारी गर्नको लागि सिफारिस दस्तुर | सिफारिस | ३५०० | |
| २१ | घ श्रेणीको निर्माण व्यवसायीको कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | सिफारिस | ३००० | |
| २२ | सस्थां दर्ता को लागि | सिफारिस | ५०० | |
| २३ | सस्था नविकरण | सिफारिस | ३०० | |
| २४ | कृषी समुह दर्ता | दर्ता | ५०० | |
| २५ | कृषि समुह नविकरण | दस्तुर | २०० | |
| २६ | नोट म्याद नाघि आएको नविकरणको हकमा जरिवाना | बार्षिक | १०० | |

१६) फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :

क) आवासीय घर ३ तल्ला सम्म रु. ५०/-
ख) ४ तल्ला वा सो भन्दा माथि रु. १००/-
ग) पसल सटर भए प्रति पसल थप रु. १००/-
घ) सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप रु. १५० /-
ङ) ठुला प्रकृतिका होटल लज रु. ५००/-
च) हस्पिटल रु. १,५००/-
छ) अन्य संघ संस्था रु. ५००/-
ज) अन्यको हकमा तथा सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

१७. वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता रु. १००/-

१८. नक्शापास गर्ने आवेदन पुस्तिका रु. १,००/- प्रतिगोटा (विपत व्यवस्थापन शुल्क रु. ५०/- (बजार क्षेत्र) रु. २०/- (ग्रामीण क्षेत्र) थप गर्ने ।

१९. घर नक्शा पास तथा निर्माण स्वीकृति दस्तुर:

क) बजार क्षेत्रमा

१) घर निर्माण अनुमति लिन आवश्यक कागजात सहित रु. ५००/- शुल्क बुझाउनु पर्नेछ ।

CS Scanned with CamScanner

२) आर.सी.सी. बाहेक पक्की घर प्रतिवर्ग फिट रु पीच भएको क्षेत्रमा रु. २/- पीच नभएको क्षेत्रमा रु. रु. १/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

३) फुसको (टिन) छाना भएको घर प्रतिवर्ग फिट पीच भएको क्षेत्रमा रु. १/- पीच नभएको क्षेत्रमा रु. ०.५०/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

ख) ग्रामिण क्षेत्रमा (तीन तल्ला सम्मका लागि मात्र)

१) आर.सी.सी ढलान घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु. १/५० सडक बाटो नभएको क्षेत्रमा ०.७५/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा ५० % थप दस्तुर लाग्ने छ ।

२) आर.सी.सी. बाहेकका पक्की घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु ०.५०/- सडक बाटो नभएको क्षेत्रमा रु ०.२५/- । नक्शापास नगरी बनाएकोमा तोकिएको शुल्कमा १०० प्रतिशत थप दस्तुर लाग्ने छ ।

४) ग्रामिण क्षेत्रमा ३ तल्ला भन्दा माथि निर्माण भए बजार क्षेत्र बरावर हुनेछ ।

ग) गाउँपालिका गठन हुनु अगाडि निर्माण भएका घरहरुका घरधनीले घर दर्ता गरी निर्माण सम्पन्न गरेको प्रमाण कागजात खोजेमा हाल कायम रहेको नक्सापास दस्तुरको ७५ प्रतिशत दस्तुर लिई प्रमाण कागजात उपलब्ध गराईने छ । गाउँपालिका गठन हुनु अगाडि गाविसको कार्यालयबाट नक्शा पास भएका घरहरु गाउँपालिकाले पास गरे सरह हुनेछ ।

घ) नक्शा पास/निर्माण सम्पन्न भएका घरहरुको नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु. १,०००/- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

ङ) नक्शापास प्रमाण-पत्र र घर निर्माण सम्पन्न प्रमाण-पत्रको प्रतिलिपी दस्तुर रु. ५००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ । Planth level भन्दा माथि Super structure को नक्शा पास गरी निर्माण सम्पन्न प्रमाण-पत्र तोकिएको समयमा नलिएमा विलम्व दस्तुर रु ३,०००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढि हुन्छ सो बरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ ।

च) घर निर्माणको लागि नक्सा पास गरे बमोजिम भन्दा फरक संरचना बनाएमा १०० प्रतिशत जरीवाना लिइने छ ।

छ) घर निर्माणको लागि नक्सा पास गरे पनि २ वर्ष सम्म विविध कारणले घर निर्माण नगरेमा नक्सा पास शुल्क फिर्ता हुने छैन र सो अवधि पछि पुनः अनुमति तथा नक्सा पास लिनु पर्नेछ ।

२०. विविध

१. अन्य सेवा शुल्कको दर :

| क.सं. | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सभाहल भाडा | दिन | १५०० | |
| २ | पानी -कारखानाबाट उत्पादित) | लिटर | ०.१० | |

२. बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दर

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा | घन मिटर | १४५ | मु.अ.क.बाहेक |

३. खानी जन्य पदार्थ निकासी करको दर :

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खरिढुङ्गा | मेट्रिक टन | ६०.०० | |
| २ | म्याग्नेसाइट ढुङ्गा | मेट्रिक टन | ५०.०० | |
| ३ | भुइमा विछ्याउने चप्लेटी ढुङ्गा | वर्ग फिट | २.०० | |
| ४ | छाना छाउने स्लेट ढुङ्गा | वर्ग फिट | २.०० | |
| ५ | बालुवा,गिटी,रोडा,ढुङ्गा,ग्राभेल तथा लोहोरे ढुङ्गा | घन मिटर | १४५.०० | |

**२१.** पर्यटन शुल्क

| विवरण | रकम प्रतिव्यक्ति प्रतिदिन | |
|---|---|---|
| नेपाली पर्यटक | निःशुल्क | |
| भारतीय वा सार्क मुलूक | १००रु | |
| चिनियाँ पर्यटक | १५०रु | |
| अन्य मुलुक | ५००रु | |

CS Scanned with CamScanner

आज्ञाले,

प्रमाणीकरण मितिः २०७५/०३/२५

मदन कुमार बजगाई
प्रमुख प्रशासकीय अधिकृत